**२०७५ साल भाद्र २ गते शनिबारको दिन बसेको लिखु गाउँ कार्यपालिकाको बाइसौं बैठकबाट भएका निर्णयहरुको व्यहोरा निम्न बमोजिम छन् :**

१. आर्थिक वर्ष २०७५/०७६ को लागि स्थानीय स्तरको न्यूनतम दररेट निर्धारण गर्ने प्रयोजनको लागि देहाय बमोजिमको गाउँ दररेट निर्धारण सिफारिश समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क.गाउँपालिकाको अध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| घ.स्थानीय/जिल्ला उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ङ.स्थानीय/जिल्ला निर्माण व्यवसायी महासंघको प्रतिनिधि | सदस्य |
| च. पूर्वाधार विकास तथा वातावरण शाखाको प्रमुख (ईन्जिनियर) | सदस्य सचिव |

२.सार्वजनिक खरीद नियमावली, २०६४ अनुसारको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार लिई जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटमा स्थानीय आवश्यकताका क्षेत्रमा दररेट समावेश गरी वा ढुवानी लगायतका विषयमा हुने फरक मूल्यलाई समायोजन गरी सिफारिश समितिले दररेट सिफारिश गरे पश्चात् कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

३. सिफारिश समितिको पदाधिकारी एवं आमान्त्रितलाई प्रति बैठक भत्ता रु एक हजार पाँचशय र बैठक बस्दा खाना खाजा खर्च गाउँ कार्यपालिकाको पदाधिकारी बैठक भत्ता र विविध खर्च शीर्षकबाट व्यहोर्ने तथा सिफारिश समितिलाई दररेट सम्बन्धी प्रतिवेदन १५ दिन भित्र पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

४. आर्थिक वर्ष २०७५/०७६ को लागि स्वीकृत वार्षिक कार्यक्रमको परीधिमा रही देहाय बमोजिमको विपद् राहत उद्दार सिफारिश समिति गठन गरी सो समितिले सिफारिश गरे बमोजिम विपद् पीडितलाई सहयोग गर्ने तथा विपद्का कारण तत्काल रेस्पोन्स गर्नु पर्ने क्षेत्र पहिचान गरी आवश्यक सिफारिश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| रामकृष्ण श्रेष्ठ | संयोजक |
| श्रृजना बाग्दाश | सदस्य |
| लक्ष्मी राई | सदस्य |
| गाउँपालिकाको पूर्वाधार शाखाको इन्जिनियर वा निजले तोकेको प्राविधिक कर्मचारी | सदस्य-सचिव |

५. सिफारिश समितिले सिफारिश गर्दा स्थलगत निरीक्षण प्रतिवेदन, प्राविधिक प्रतिवेदन तथा स्थलगत फोटो सहित सिफारिश गर्नु पर्नेछ ।

६. पीडितको निवेदन, वडा कार्यालयको सिफारिश र सिफारिश समितिबाट प्राप्त सिफारिशको आधारमा भुक्तानी दिने ।

७. राहत उद्दार सिफारिश समितिको पदाधिकारीलाई प्रति बैठक भत्ता रु एक हजार पाँचशय र बैठक बस्दा खाना खाजा खर्च गाउँ कार्यपालिकाको पदाधिकारी बैठक भत्ता र विविध खर्च शीर्षकबाट क्रमशः व्यहोर्ने निर्णय गरियो ।

८. आर्थिक वर्ष २०७५/०७६ का लागि लिखु गाउँपालिकाले व्यवसाय कर संकलन गर्ने प्रयोजनार्थ मात्र लिखु गाउँपालिका क्षेत्रभित्र संचालन भएको व्यवसायीको तथ्यांक संकलन गर्ने निर्णय गरियो ।